# देशको वर्तमान आर्थिक स्थिति

## (आर्थिक वर्ष २०६३/६४ को प्रथम दुई महिनाको तथ्याङ्कमा आधारित)

### मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६३/६४ को प्रथम दुई महिनामा विस्तृत मुद्राप्रदाय २.० प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा विस्तृत मुद्राप्रदाय ०.६ प्रतिशतले मात्र बिस्तार भएको थियो । खुद आन्तरिक सम्पत्तिको वृद्धिले गर्दा विस्तृत मुद्राप्रदाय बढेको हो ।

२. विस्तृत मुद्रा प्रदायको अंशहरुमध्ये संकुचित मुद्रा प्रदाय अघिल्लो वर्ष ३.७ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा पनि १.५ प्रतिशतले घटेको छ । त्यस्तैगरी, विस्तृत मुद्रा प्रदायको अर्को अंश आवधिक निक्षेप अघिल्लो वर्षको २.७ प्रतिशतको वृद्धिको तुलनामा समीक्षा अवधिमा ३.७ प्रतिशतले बढेको छ । विप्रेषण आप्रवाहमा उल्लेख्य वृद्धि यथावत कायम रहेकोले आवधिक निक्षेप बढेको हो ।

३. मौद्रिक विस्तारको स्रोतको रुपमा रहेको खुद वैदेशिक सम्पत्ति (विनिमय मूल्यांकन नाफा-नोक्सान समायोजित) गत वर्षको २.८ प्रतिशत (रु ३ अर्व ३ करोड) को तुलनामा समीक्षा अवधिमा न्यून दर अर्थात ०.५ प्रतिशत (रु ६६ करोड ) ले बढेको छ। निर्यातको नगन्य वृद्धिका कारण उक्त सम्पत्तिको बृद्धि समीक्षा अवधिमा न्यून रहेको हो ।

४. मौद्रिक विस्तारको अर्को स्रोतको रुपमा रहेको आन्तरिक कर्जा अघिल्लो वर्ष घटेको तुलनामा समीक्षा वर्षमा सीमान्त दरले विस्तार भएको छ। सो कर्जा अघिल्लो वर्ष ०.४ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ०.८ प्रतिशतले बढेको छ । वाणिज्य बैङ्कहरुले सरकारी संस्थानहरुलाई र अन्य वित्तीय संस्थाहरुलाई प्रवाह गरेको कर्जामा विस्तार आएकोले मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जामा विस्तार आएको हो ।

५. कर्जा योगाङ्कहरुमध्ये नेपाल सरकारमाथि मौद्रिक क्षेत्रको दावी अघिल्लो वर्ष ७.३ प्रतिशतले घटेको तुलनामा समीक्षा अवधिमा ७.१ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा नेपाल सरकारको खर्चको तुलनामा राजश्व बढेको कारणले गर्दा उक्त दावी घटेको हो ।

६. गैर-वित्तीय सरकारी संस्थानमाथिको दावी अघिल्लो वर्ष १५.२ प्रतिशतले घटेको तुलनामा समीक्षा अवधिमा ११.६ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा नेपाल आयल निगम, नेपाल खाद्य सँस्थान, जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल खानेपानी संस्थान र नेशनल ट्रेडिङ्ग लिमिटेडले बैंक कर्जा उपयोग गरेकोले उक्त दावी बढेको हो ।

७. आन्तरिक कर्जाको मुख्य अंश निजी क्षेत्रतर्फको कर्जा विस्तार समीक्षा अवधिमा न्यून रहेको छ । गत वर्ष सो कर्जा २.४ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा २.२ प्रतिशतले मात्र बढको छ । औद्योगिक कर्जा विस्तार हुन नसकेको र आयात वृद्धिदर पनि न्यून रहेकोले निजी क्षेत्रतर्फको बैंक कर्जा विस्तार कम रहेको हो ।

### संचित मुद्रा

८. गत वर्ष सञ्चित मुद्रा ९.८ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा पनि ७.४ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको तुलनामा मौद्रिक अधिकारीको खुद आन्तरिक सम्पत्ति घटेको कारणले गर्दा समीक्षा अवधिमा संचित मुद्रा घटेको हो ।

### मुद्रा बजार

९. वैदेशिक विनिमय हस्तक्षेपमार्फत अघिल्लो वर्ष रु ३ अर्ब ३४ करोड बराबरको खुद तरलता प्रवाह भएकोमा समीक्षा अवधिमा कुल रु ११ अर्ब ३० करोड बराबरको तरलता प्रवाह भएको छ। समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजारमा हस्तक्षेप गरी अमेरिकी डलर खरीद मात्र गऱ्यो ।

१०. गत वर्षको तुलनामा समीक्षा अवधिमा खुला बजार कारोवारबाट उच्च मात्रामा तरलताको प्रशोचन भयो । गत वर्ष सो कारोवारबाट कुल रु १ अर्ब ४४ करोड बराबरको तरलता प्रशोचन भएकोमा समीक्षा अवधिमा कुल रु ६ अर्ब ३४ करोड बराबरको तरलता प्रशोचित भयो । खुला बजार कारोवारमा प्रयोग गरिएका उपकरणहरुमध्ये विक्री वोलकवोल मार्फत गत वर्ष कुल रु. १ अर्ब ४४ करोड बराबरको तरलता प्रशोचन भएकोमा समीक्षा अवधिमा कुल रु २ अर्ब २५ करोड र रिभर्स रिपो वोलकवोल मार्फत रु ४ अर्ब १० करोड बराबरको तरलता प्रशोचित भयो ।

११. स्थायी तरलता सुविधा अन्तर्गत समीक्षा अवधिमा वाणिज्य बैंकहरुले कुल रु ३७ करोड बराबरको मात्र ऋण सुविधा उपयोग गरे । गत वर्ष सो सुविधा अन्तर्गत वाणिज्य बैंकहरुले कुल रु ९५ करोड बराबरको ऋण उपयोग गरेका थिए । वाणिज्य बैंकहरुसँग यथेष्ट तरलता रहेको कारणले गर्दा उक्त सुविधाको उपयोगमा कमी आएको हो ।

### अल्पकालीन व्याजदर

१२. वाणिज्य बैंकहहरुसँग अधिक तरलता रहेकोले अल्पकालीन व्याजदरहरु समीक्षा अवधिमा गत वर्ष भन्दा घटेका छन् । उदाहरणका लागि ९१-दिने भारित औसत ट्रेजरी विल्सको व्याजदर २०६२ भाद्रमा ३.३८ प्रतिशत रहेकोमा २०६३ भाद्रमा २.७८ प्रतिशत रह्यो । त्यस्तैगरी अन्तरबैंक कारोवार दर २०६२ भाद्रमा ३.८७ प्रतिशत रहेकोमा २०६३ भाद्रमा १.८३ प्रतिशतमा ओर्लेको छ ।

## धितोपत्र बजार स्थिति

१३. धितोपत्रको प्राथमिक निष्कासनतर्फ, आर्थिक वर्ष २०६३।६४ को प्रथम दुई महिनामा नेपाल धितोपत्र बोर्डले दुईवटा वित्तीय संस्थालाई रु. १ करोड ५० लाख बराबरको साधारण शेयर र तीनवटा वित्तीय संस्थालाई रु ८ करोड बराबरको अग्राधिकार शेयर गरी जम्मा रु ९ करोड ५० लाख बराबरको धितोपत्र निष्कासनको लागि स्वीकृति प्रदान गरेको छ ।

१४. धितोपत्रको दोस्रोबजार कारोबारतर्फ, वार्षिक बिन्दुगत आधारमा नेप्से सूचकाङ्क ३०.४१ प्रतिशतले बढेर २०६३ भाद्र मसान्तमा ३८२.५६ बिन्दुमा पुगेको छ । विप्रेषण आप्रवाहमा निरन्तर विस्तार, न्यून ब्याजदर र वैकल्पिक लगानीका अवसरहरुको अभावका कारण धितोपत्र बजार तर्फ लगानी आकर्षित भै नेप्से सूचकाङ्कमा उल्लेख्य वृद्धि भएको हो ।

१५. नेपाल धितोपत्र विनिमय केन्द्रमा सूचीकृत भएका कम्पनीहरुको संख्या २०६२ भाद्र मसान्तमा १२५ रहेकोमा २०६३ भाद्र मसान्तमा बढेर १३५ पुगेको छ । कुल सूचीकृत कम्पनीहरुमध्ये ८८ वटा (६५.२ प्रतिशत) वित्तीय संस्था, २९ वटा (२१.५ प्रतिशत) उत्पादन र प्रशोधन गर्ने उद्योगहरु, ४ वटा (३.० प्रतिशत) होटल, ८ वटा (५.९ प्रतिशत) व्यापारिक संस्थाहरु र ६ वटा (४.४ प्रतिशत) अन्य समूहमा रहेका छन् ।

१६. २०६३ भाद्र मसान्तमा बजार पूँजीकरण वार्षिक बिन्दुगत आधारमा ४५.६ प्रतिशतले वृद्धि भई रु ९६ अर्ब ४४ करोड पुगेको छ । २०६३ भाद्रमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १६.५ प्रतिशत रहेको छ । २०६२ भाद्रमा यस्तो अनुपात ११.५ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको बजार पूँजीकरणमा वित्तीय संस्थाहरुको ८२.३ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ६.१ प्रतिशत, होटलहरुको २.४ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.८ प्रतिशत र अन्यको ८.४ प्रतिशत अंश रहेको छ ।

१७. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि १५.१ प्रतिशत रही २०६३ भाद्र मसान्तमा रु २० अर्ब २६ करोड पुगेको छ । केही नयाँ संस्थाहरु नेपाल धितोपत्र विनिमय केन्द्रमा सूचीकृत हुनुका साथै वित्तीय संस्थाहरुले साधारण शेयर तथा हकप्रद शेयर थप निष्कासन गरेकोले चुक्ता पूँजीमा वृद्धि भएको हो ।

## मूल्य, तलव तथा ज्यालादर स्थिति

### उपभोक्ता मुद्रास्फीति

१८. मूल्य स्थितितर्फ, आर्थिक वर्ष २०६३।६४ को प्रथम दुई महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ६.६ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६२।६३ को सोही अवधिमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८.२ प्रतिशत रहेको थियो । अन्न तथा अन्नजन्य वस्तुहरुको मूल्य वृद्धि न्यून रहेको र २०६२ भाद्रमा गरिएको पेट्रोलियम पदार्थको मूल्य वृद्धिको आधार प्रभाव ( base effect) हटेकोले आर्थिक वर्ष २०६२।६३ को प्रथम दुई महिनाको तुलनामा आर्थिक वर्ष २०६३।६४ को सोही अवधिमा उपभोक्ता मुद्रास्फीति तुलनात्मक रुपले कम रहेको हो ।

१९. खाद्यान्न समूहमध्ये दालको मूल्य वृद्धि उल्लेख्य (२२ प्रतिशत) तथा मरमसलाको मूल्य वृद्धि पनि उच्च रहेको र २०६३ फाल्गुणमा भएको पेट्रोलियम पदार्थको मूल्य वृद्धिको अन्तराल असर विद्यमान रहेकाले आर्थिक वर्ष २०६३।६४ को प्रथम दुई महिनामा उपभोक्ता मुद्रास्फीति ६.६ प्रतिशत रहेको हो ।

२०. समीक्षा अवधिमा, भौगोलिक क्षेत्रगत अधारमा विश्लेषण गर्दा पहाडमा सबभन्दा बढी ७.२ प्रतिशत, तराईमा ६.७ प्रतिशत र काठमाडौं उपत्यकामा सबभन्दा न्यून ६.० प्रतिशत वार्षिक विन्दुगत मूल्य वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा पहाडमा, तराई र काठमाडौं उपत्यकामा क्रमशः ९.१ प्रतिशत, ८.८ प्रतिशत र ६.८ प्रतिशत मूल्य वृद्धि भएको थियो ।

२१. २०६३ भाद्रमा वार्षिक अन्तर्निहित (core) मुद्रास्फीति दर ५.६ प्रतिशत रहेको छ । २०६२ भाद्रमा वार्षिक अन्तर्निहित मुद्रास्फीति दर ४.५ प्रतिशत रहेको थियो । मुद्रास्फीतिकारी अपेक्षाका कारण अन्तर्निहित मुद्रास्फीति अघिल्लो वर्षको तुलनामा उच्च रहेको हो ।

### थोक मुद्रास्फीति

२२. २०६३ भाद्रमा वार्षिक बिन्दुगत आधारमा थोक मुद्रास्फीति ८.७ प्रतिशत रहेको छ । २०६२ भाद्रमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ९.६ प्रतिशत रहेको थियो । २०६२ फाल्गुणमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुनुका साथै खाद्यान्न, दलहन, मरमसला, नगदेवाली तथा निर्माणजन्य वस्तुहरुको मूल्यमा भएको उच्च वृद्धिले गर्दा थोक मुद्रास्फीति ८.७ प्रतिशत रहेको हो । २०६३ भाद्रमा समूहगत रुपमा विश्लेषण गर्दा कृषि सम्बन्धी वस्तुहरुको सबभन्दा बढी ११.१ प्रतिशत र आयातीत वस्तुहरुको मूल्य सबभन्दा कम ६.० प्रतिशतले वद्धि भएको छ भने स्वदेशमा उत्पादित वस्तुहरुको सूचकाङ्क ७.३ प्रतिशतले वढेको छ ।

### राष्ट्रिय तलब तथा ज्यालादर

२३. २०६३ भाद्रमा राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क (आधार वर्ष २०६१।६२) वार्षिक विन्दुगत आधारमा ७.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १.९ प्रतिशतले वृद्धि भएको थियो । मजदुरहरुको ज्यालादरमा भएको वृद्धिका साथै आर्थिक वर्ष २०६३।६४ को बजेटमार्फत सरकारी सेवामा तलबको १०.० प्रतिशतले भत्ता थप गरिएको कारणबाट राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्कमा विस्तार आएको हो । समीक्षा अवधिमा ज्यालादर सूचकाङ्क ८.५ प्रतिशतले र तलब सूचकाङ्क ६.६ प्रतिशतले वृद्धि भएको छ ।

## सरकारी वित्त स्थिति

### सरकारी खर्च

२४. सरकारी वित्ततर्फ, नेपाल सरकारको नगद प्रवाहमा आधारित कुल सरकारी खर्च आर्थिक वर्ष २०६३/६४ को प्रथम दुई महिनासम्ममा २२.५ प्रतिशतले वृद्धि भई २०६३ भाद्र मसान्तसम्ममा रु ९ अर्व ८२ करोड पुगेको छ । आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा कुल सरकारी खर्च १७.१ प्रतिशतले बढेको थियो । चालु खर्चमा परेको चापको कारण समीक्षा अवधिमा कुल सरकारी खर्चमा वृद्धि भएको हो ।

### सरकारी राजस्व

२५. आर्थिक वर्ष २०६३/६४ को प्रथम दुई महिनासम्ममा नेपाल सरकारको कुल राजस्व २२.३ प्रतिशतले वृद्धि भई २०६३ भाद्रमसान्तसम्ममा रु १० अर्व ७५ करोड पुगेको छ । मूल्य अभिवृद्धि कर र भन्सार राजस्वमा भएको वृद्धि यसको मुख्य कारण हो । अघिल्लो वर्ष राजस्व १३.४ प्रतिशतले मात्र बढेको थियो । निजी क्षेत्रको विप्रेषण आप्रवाहमा लगातार वृद्धि समेतले गर्दा उपभोक्ता विश्वासमा सुधार आएका कारण मूल्य अभिवृद्धि कर राजस्व र भंसार दरमा गरिएको बढोत्तरीले भंसार राजस्वमा वृद्धि भएकोले समग्र राजस्व विस्तार उल्लेख्य रहेको हो ।

### वैदेशिक नगद अनुदान र ऋण

२६. आर्थिक वर्ष २०६३/६४ को प्रथम दुई महिनासम्ममा नेपाल सरकारको कुल वैदेशिक अनुदान अघिल्लो वर्षको ६५.८ प्रतिशत वृद्धिको विपरीत ३९.८ प्रतिशतले घटेको छ । त्यस्तै वैदेशिक ऋण पनि अघिल्लो आर्थिक वर्षको ५४.३ प्रतिशत वृद्धिको विपरीत समीक्षा अवधिमा १५.२ प्रतिशतले घटेको छ ।

**बजेटघाटा/ बचत**

२७. राजस्व परिचालनमा भएको उत्साहजनक वृद्धिको फलस्वरुप समीक्षा अवधिमा नेपाल सरकारको बजेट बचत अघिल्लो वर्षको १.७ प्रतिशतको तुलनामा ३२.१ प्रतिशतले विस्तार भई २०६३ भाद्र मसान्तसम्ममा रु २ अर्व ७९ करोड पुगेको छ ।

२८. समग्र सरकारी वित्त स्थिति बचतमा रहेको कारण नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रहने मौज्दात अघिल्लो वर्षको ९.० प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २२.९ प्रतिशतले वृद्धि भई २०६३ भाद्र मसान्तसम्ममा रु ३ अर्व २२ करोड पुगेको छ ।

**बैदेशिक व्यापार**

२९. आर्थिक वर्ष २०६३/६४ को पहिलो दुई महिनामा कुल बैदेशिक व्यापार ६.७ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा कुल बैदेशिक व्यापार २२.४ प्रतिशतले बढेको थियो । अघिल्लो वर्षको प्रथम दुई महिनामा १६.९ प्रतिशतले बढेको कुल निर्यात आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा ०.१ प्रतिशतको सीमान्त दरले वृद्धि भएको छ । भारततर्फको निर्यात गत वर्ष ३४.७ प्रतिशतको उल्लेख्य दरले बढेकोमा समीक्षा अवधिमा मात्र ०.६ प्रतिशतले बढेको छ । भारतद्वारा नेपालको निर्यातमा लगाइएको ४ प्रतिशत अतिरिक्त भन्सार कर श्रावण महिनामा हटाइएतापनि केही वस्तुहरुमा उक्त कर अझै यथावत रहनु त्यसतर्फको निर्यात वृद्धिदरमा कमी आउनुको एक प्रमुख कारण हो । अन्य मुलुकतर्फको निर्यात भने गत वर्ष ८.२ प्रतिशतले ह्रास भएकोमा यस वर्ष थप १.० प्रतिशतले ह्रास भएको छ ।

३०. भारततर्फ मुख्यतया पोलिस्टर धागो, प्लाष्टिकका भाँडाकुँडा, जस्ता पाता, तार र गाइवस्तुका दानाको निर्यातमा उल्लेख्य कमी आएको कारण त्यसतर्फको निर्यात विस्तारमा कमी आएको हो भने विशेषगरी ऊनी गलैंचा, गरगहना र हस्तकलाका सामानको निर्यातमा कमी आएको कारण अन्य मुलुकतर्फको निर्यात घटेको हो ।

३१. गत वर्षको प्रथम दुई महिनामा २४.७ प्रतिशतले बढेको कुल आयात आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा ९.१ प्रतिशतले वृद्धि भएको छ । कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष ३८.० प्रतिशतले बढेकोमा यस वर्ष ११.३ प्रतिशतले वृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयात गत वर्ष ७.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ५.५ प्रतिशतले वृद्धि भएको छ ।

३२. आर्थिक वर्ष २०६३/६४ को प्रथम दुई महिनामा भारतबाट मुख्यतया पेट्रोलियम पदार्थ, सवारी साधन तथा पाटपुर्जा, औषधि, कागज र एम.एस. विलेट एवं अन्य मुलुकबाट विशेषगरी कच्चा पाम तेल, औषधि, हवाइजहाजका पाटपुर्जा, तामाको तार एवं डण्डी र कम्प्यूटर पार्ट्सको आयातमा वृद्धि आएको छ ।

३३. नेपाल राष्ट्र बैंकको संचिति व्यवस्थापन नीति अनुरुप विदेशी विनिमय भुक्तानी गरी भारतबाट आयात गर्न पाइने वस्तुहरुको संख्या वृद्धि गर्नाले सो व्यवस्था अन्तर्गत भारतबाट हुने आयात आर्थिक वर्ष २०६३/६४ को प्रथम दुई महिनामा १०.२ प्रतिशतले वृद्धि भई रु. २ अर्व १५ करोड पुगेको छ । यस व्यवस्था अन्तर्गत आयात हुने मुख्य वस्तुहरुमा हटरोल्ड शीट इन्क्वाइल, कोल्डरोल्ड शीट इन्क्वाइल, एम.एस. विलेट, एम.एस. वायर र औद्योगिक रसायन रहेका छन् । अघिल्लो वर्षको सोही अवधिमा सो सुविधाअन्तर्गत भारतबाट रु १ अर्व ९६ करोड बराबरको आयात भएको थियो ।

३४. समीक्षा अवधिमा व्यापार घाटा १४.५ प्रतिशतले विस्तार भएको छ । अघिल्लो आर्थिक वर्षको प्रथम दुई महिनामा व्यापार घाटा २९.९ प्रतिशतले विस्तार भएको थियो ।

**शोधनान्तर**

३५. आर्थिक वर्ष २०६३/६४ को प्रथम दुई महिनामा रु. ६६ करोड शोधनान्तर बचत भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रु. ३ अर्ब ३ करोड शोधनान्तर बचत भएको थियो ।

३६. आर्थिक वर्ष २०६३/६४ को प्रथम दुई महिनामा चालु खाता रु १ अर्ब ८० करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु २ अर्ब ९४ करोडले घाटामा रहेको थियो ।

३७. आर्थिक वर्ष २०६३/६४ को प्रथम दुई महिनामा विप्रेषण आय ३५.९ प्रतिशतको उल्लेख्य दरले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा विप्रेषण आय १२.८ प्रतिशतले वृद्धि भएको थियो ।

३८. पूँजी खाता अन्तर्गत, आर्थिक वर्ष २०६३/६४ को प्रथम दुई महिनामा रु. ६८ करोड पूँजीगत ट्रान्सफर प्राप्त भएको छ । वित्तीय खाता अन्तर्गत, समीक्षा अवधिमा रु. ५५ करोड बराबर सरकारी ऋण आप्रवाह भएको छ भने रु २० करोड साँवा भुक्तानी भएको छ ।

**विदेशी विनिमय संचिति**

३९. २०६३ आषाढदेखि २०६३ भाद्र मसान्तसम्ममा कुल विदेशी विनिमय संचिति ०.५ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ६६ अर्ब पुगेको छ । आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा यस्तो संचिति २.८ प्रतिशतले वृद्धि भएको थियो । कुल संचितिमा परिवर्त्य संचितिको अंश २०६२ भाद्र मसान्तमा ९४.७ प्रतिशत रहेकोमा २०६३ भाद्र मसान्तमा ९५.५ प्रतिशत रहेको छ भने अपरिवर्त्य संचितिको अंश ५.३ प्रतिशतबाट घटेर ४.५ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६३/६४ को पहिलो दुई महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरले ११.५ महिनाको वस्तु आयात र ९.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले संचितिको स्तर सुविधाजनक रहेको छ ।

४०. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६२ भाद्र मसान्तमा प्रति व्यारल अमेरिकी डलर ६१.२५ रहेकोमा २०६३ भाद्र मसान्तमा १.६ प्रतिशतले घटी प्रति व्यारल अमेरिकी डलर ६०.२६ रहन गएको छ । सुनको मूल्य भने २०६२ भाद्र मसान्तको तुलनामा २०६३ भाद्र मसान्तमा २६.१ प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर ४५४.८० बाट अमेरिकी डलर ५७३.६० पुगेको छ ।

४१. २०६३ आषाढ मसान्तको तुलनामा २०६३ भाद्र मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.६८ प्रतिशतले अधिमूल्यन भएको छ । गत वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.९२ प्रतिशतले अवमूल्यन भएको थियो । २०६२ भाद्र मसान्तमा अमेरिकी डलर एक को विनिमय दर रु. ७१.०० रहेको थियो भने २०६३ भाद्र मसान्तमा उक्त विनिमय दर रु. ७३.६० पुगेको छ ।